# खजुरा गाउँपालिका बाँकेको

## आर्थिक बर्ष २०७९/२०८०

# सामाजिक परीक्षण

## कार्यक्रम प्रतिवेदन-पत्र




*प्रारम्भिक प्रतिबेदन प्रश्तुतिकरण कार्यक्रमको झलक ।*

**आयोजक**

**खजुरा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय बाँके**

**सहजिकरण**

**बास नेपाल**

# खजुरा गाउँपालिका बाँकेको

# आ.ब. २०७९/२०८०

# सामाजिक परीक्षण

## प्रतिवेदन–पत्र

**१. कार्यक्रमको पृष्ठभुमी** :

सामाजिक बिकास निर्माण तथा सार्वजनिक सेवाको क्षेत्रमा काम गर्ने निकाय तथा सँस्थाहरु सरोकारवाला तथा सेवाग्राहीहरुप्रति जवाफदेही र पारदर्शी हुनु पर्दछ भन्ने माग बढ्दै गएकोछ । यसै कुरालाई ध्यानमा राखि सार्वजनिक सेवा कस्तो छ ? भनेर अनुगमन गर्ने भरपर्दो बिधि सामाजिक परिक्षण (Social Audit) हो । बिकासे संस्थाहरुले सन् १९९० पछि यसलाई उपयोग गर्दै आएका छन् । यसले योजनातर्जुमा, कार्यान्वयन, बजेट बांडफांड लगाएतका बिषयमा छलफल गर्ने उचित अबसर दिन्छ । यो सामाजिक रुपमा लेखाजोखा गर्ने कार्यक्रम हो । सामाजिक बिकासको क्षत्रेमा काम गर्ने सरकारी निकाए तथा गैर सरकारी निकाएले सालेप गर्नु पर्ने प्राबधान भएतापनि कार्यन्वयन हुन सकिरहेको छैन । सार्बजनिक दायित्व निर्बाह गर्नु पर्ने व्यक्ति वा निकायले काम गर्दा अपनाउने प्रकृया, कार्यक्रमको श्रोत परिचालनको नियमितता, कामको प्रभाबकारिता, सान्दर्भिकता तथा कार्यदक्षताका बारेमा सरोकारवाला समक्ष पारदर्शी र जवाफदेही ढँगबाट प्रस्तुत हुने कार्य सालेप हो । सेवाप्रदायक र सरोकारवाला एउटै थलोमा बसेर लेखाजोखा, समिक्षा तथा बिश्लेषण गर्नु सामाजिक परिक्षण हो । जसलाई जनलेखापरिक्षण,सार्वजनिक समिक्षा भनेर पनि बुझ्ने गरिएकोछ तर यि सबैको प्रकृया फरक, फरक छ । बिभिन्न नामबाट यसलाई उपयोग गरिएपनि यसको खास उद्धेश्य भनेको सार्वजनिक निकायले संचालन गर्ने गतिबिधिका बारेमा सरोकारवालालाई जानकारी दिने संस्कारको बिकास गर्नु नैं हो । कार्यक्रम संचालन गर्दा हुने अनियमिततालाई रोक्न, सरोकारवालाप्रति जवाफदेही र पारदर्शी बनाउन, निर्णय, कार्यन्वयन प्रकृया र आर्थिक प्रशासनमा पारदर्शीताको बिकास गर्न, अनुगमन, मुल्याँकन र समिक्षा गर्ने परिपाटीको बिकास गर्न, श्रोतसाधनको सही ढँगले परिचालन गर्न, गराउन, समुदायको सहभागिता अभिबृद्धि गर्न, अनाबश्यक खर्च नियन्त्रण गरि स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्न, उत्पन्न हुन सकने अन्तरद्धन्द कम गर्न र थप नोक्सानी हुनबाट रोक्नका लागि सामाजिक परिक्षण गर्ने गरिन्छ ।

सामाजिक संस्थाहरुले हरेक आर्थिक बर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि बर्षमा एक पटक सामाजिक परिक्षण गर्नु पर्ने प्रावधानलाई कार्यन्वयन गर्न, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ बमोजिम एक आर्थीक बर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्न, स्थानीय निकाय सामाजिक परीक्षण कार्यबिधि २०६७, स्थानीय तह सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्वन्धी नमुना कार्यबिधि २०७७

अनुरुप सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई कार्यन्वयन गर्न र योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थीक तथा सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, बिश्लेषण र मूल्याँकन गर्नका लागि सामाजिक परीक्षण गर्नु पर्दछ ।

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढङ्गबाट अध्ययनपश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी एवं सहभागितामूलक उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिन्छ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिन्छ । संस्थाका कार्यक्रम तथा परियोजनाका गतिविधिहरूबाट सामाजिक उपलब्धि कति हासिल भए, सोको विश्लेषणबाट प्रभावसम्मको अवस्थाको आँकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी भएको देखिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न खजुरा गाउँपालिकालाई ठूलो टेवा पुग्नेछ । यसैका आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निष्कर्षहरूले सघाउने देखिन्छ ।

**सामाजिक परीक्षण सम्बन्धी संस्थागत व्यवस्था** :

'स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि -२०६७' को परिच्छेद ६ विविध अन्तर्गत उल्लेख भए अनुसार गैरसरकारी संस्थाहरू तथा अन्य सार्वजनिक संस्थाहरूले पनि सामाजिक परीक्षण गर्दा यस कार्यविधिको प्रयोग गर्न सक्ने र सो गर्न गराउन स्थानीय निकायहरूले समन्वय र सहयोग गर्नुपर्ने उल्लेख छ । **'सामाजिक परीक्षण कार्यविधि २०६७'** का आधारमा खजुरा गाउँपालिकाको सामाजिक परीक्षण सम्पन्न गरेको हो ।

**१. खजुरा गाउँपालिकाको परिचय** :

खजुरा गाउँपालिका नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार लुम्बिनी प्रदेश को बाँके जिल्लामा पर्दछ । उचाइमा विवधता नभएकोले भौगोलिक रुपमा अनुकूल यो गाउँपालिकामा समुद्र सतहबाट १३० मि. देखि १६४ मि.को उचाईसम्मको मात्र विविधता रहेको छ । १०१.९१ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस खजुरा गाउँपालिकाको पूर्वमा कोहलपुर नगरपालिका र जानकी गाउँपालिका, पश्चिममा बर्दिया जिल्ला, उत्तरमा बैजनाथ गाउँपालिका र दक्षिणमा भारत पर्दछन् ।

तत्कालीन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमुना बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार तत्कालिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३-११-२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३-११-२२ मा देहाय बमोजिम साविकका गा.वि.स. बागेश्वरी, सीतापुर, राधापुर, उढरापुर, सोनपुर, र रनियापुर समेटर ८ वटा वडाहरू कायम गरी यो गाउँपालिका निर्माण गरिएको हो । यस गाउँपालिकाको कुल क्षेत्रफल १०१.९१ वर्ग किलोमिटर रहेको छ २०७८ को जनगणना अनुसा खजुरा गाउँपालिकाको कुल जनसंख्या ६२७८९ रहेको छ जस

मध्य पुरुषको जनसंख्या २९५७९ र महिला जनसंख्या ३३२१० जना रहेको छ र जम्मा परिवार संख्या १३७०६ रहेको छ । यस गाउँपालिकाको मुख्य बजार खजुरा १ र खजुरा २ मानिन्छ । २०७८ को जनगणना अनुसार गाउँपालिका तर्फ सबै भन्दा बढी जनसख्या हुनेमा खजुरा गाउँपालिका तेस्रो स्थान रहेको छ ।

**गाँउपालिकाको सिमाना :**

- पुर्वमा जानकि गाउँपालिका
- पश्चिममा बर्दिया जिल्ला
- उत्तरमा वैजनाथ गाउँपालिका
- दक्षिणमा भारतको उत्तरप्रदेश सिमाना पर्दछ ।

## ३. सामाजिक परीक्षणको उद्धेश्य :

- स्थानीय सरकारले हरेक आर्थिक बर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि बर्षमा एक पटक सामाजिक परिक्षण गर्नु पर्ने प्रावधानलाई कार्यन्वयन गर्ने ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ बमोजिम एक आर्थीक बर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने ।
- स्थानीय निकाय सामाजिक परीक्षण कार्यबिधि २०६७, स्थानीय तह सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्वन्धी नमुना कार्यबिधि २०७७ अनुरुप सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई कार्यन्वयन गर्ने ।
- योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थीक तथा सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, बिश्लेषण र मूल्याँकन गर्ने ।
- कार्यक्रमको दिगोपना, जनताको भलाई र स्थानीय निकायको सबलिकरणका लागि सुझाव संकलन गर्ने ।
- स्थानीय निकायले प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यबिधि अनुसार कार्य गरे, नगरेको बारे नागरिकहरुको अभिमत बुझ्ने ।
- समावेशि र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ।
- लक्षित वर्गलाई ध्यान दिई सेवा प्रवाह गर्नका लागि दायीत्वबोध गराउने ।
- स्थानीय निकायलाई जनताप्रति जवाफदेहि बनाई स्थानीय निकायका सरकारका प्रतिनिधि र सर्वसाधारण नागरिक बिचमा विश्वासको वातावरण सिर्जना गर्ने ।
- खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवालाई थप पारदर्शी र गुणस्तरिय बनाउने ।
- खजुरा गाउँपालिकाले संचालन गरेका कार्यक्रमहरुको लक्ष्य, उद्धेश्य, बजेट आम्दानी र यसबाट प्राप्त उपलब्धि र खर्चको सरोकारवालाहरुलाई जानकारी गराउने ।

- कार्यक्रम संचालन गर्दा प्राप्त चुनौती, उपलब्धि, सिकाई सार्वजनिक र श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिने ।
- खजुरा गाउँपालिकाका गतिबिधिहरुको लेखाजोखा तथा मूल्याङ्कन गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने ।
- खजुरा गाउँपालिकाको सामाजिक परिक्षण गर्ने ।
- लक्षित उद्देश्य पूरा भए, नभएको, बजेट सहि रुपमा खर्च भए, नभएको समिक्षा गर्ने ।
- श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिन ।

**४. संस्थागत सामाजिक परीक्षणसम्बन्धी अध्ययनको क्षेत्र र सीमा** :

खजुरा गाउँपालिका र पालिका अर्न्तगतका ८ वटा वडाहरु अध्ययनको क्षेत्र रहेका थिए भने समय तथा स्रोतसाधनको सीमितताले गर्दा संस्थागत सामाजिक परीक्षणका क्रममा बिभिन्न वडाहरुको स्थलगत भ्रमण तथा अध्ययन गरिएको थियो । अन्तरवार्ता, समूहगत छलफल, अध्ययन क्रममा आवश्यक व्यक्ति, समूह र सरोकारवालाहरुसँग छलफल गरिएको छ ।

**५. सामाजिक परीक्षणमा प्रयोग भएका बिधि तथा प्रक्रियाहरू** :

१. सन्दर्भ सामाग्री अध्ययन र समिक्षा ।

२. अन्तवार्ता, भेटघाट ।

३. स्थलगत अवलोकन ।

४. समूह केन्द्रित छलफल ।

५. सूचनाहरुको संकलन तथा बिश्लेषण ।

६. प्रारम्भिक प्रतिवेदन तयारी र प्रस्तुती ।

७. अन्तिम प्रतिबेदन तयारी ।

**५.१. सामाजिक परीक्षणमा प्रयोग भएका बिधि तथा प्रक्रियाहरुको बिस्तृतिकरण :**

**१. सन्दर्भ सामाग्री अध्ययन र समिक्षा** : खजुरा गाउँपालिकाको वेवसाईड, बार्षिक योजना पुस्तिका, बार्षिक प्रतिबेदन आदि सन्दर्भ सामाग्रीको अध्ययन र समिक्षा गर्ने काम भएको छ ।

**२. अन्तवार्ता** : बिभिन्न सरोकारवालाहरुसँग अन्तवार्ता लिने काम भएको छ ।

**३. स्थलगत अवलोकन** : बिभिन्न योजनाहरुको स्थलगत अवलोकन गर्ने काम भएको छ ।

**४. समूह केन्द्रित छलफल** : बिभिन्न समूह, बिभिन्न क्षेत्रका व्यक्तिहरुसँग समूह केन्द्रीत छलफल गरिएको छ ।

**५. सूचनाहरुको संकलन तथा बिश्लेषण** : प्राप्त सूचनाहरुको बिश्लेषण गरिएको छ ।

**६. प्रारम्भिक प्रतिवेदन तयारी र प्रस्तुती** : बिभिन्न बिधिहरुबाट प्राप्त तथ्यहरुका आधारमा प्रारम्भिक प्रतिबेदन तयारी गरि प्रश्तुत गरिएको थियो ।

७. **अन्तिम प्रतिबेदन तयारी** : प्रारम्भिक प्रतिबेदन माथि भएको छलफल पश्चात अन्तिम प्रतिबेदन तयार गरि पेश गरिएकोछ ।

### ६. बृहत छलफल तथा प्रारम्भिक प्रतिबेदन प्रश्तुतिकरण कार्यक्रमको बिबरण :

मिति : २०८१ जेष्ठ ४ गते

स्थान : ग्रिन कटेज खजुराको सभाहल

समय : दिउसो १.०० बजे देखि ४.०० बजे सम्म

खजुरा गाउँपालिका बाँकको आर्थिक बर्ष २०७९/०८० को सामाजिक परिक्षण कार्यक्रम अन्तरगत प्रारम्भिक प्रतिबेदन प्रश्तुतीकरण तथा छलफल सम्पन्न भएको छ ।

खजुरा गाउँपालिकाको सहयोग तथा बास नेपालको सहजिकरणमा जेष्ठ ४ गते भएको कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष डम्बर बिकले कार्य सम्पादनको क्रममा देखिएका समस्याहरुलाई समाधान गर्दै जिम्मेवारीका साथ उत्कृष्ट कार्य सम्पादन गर्न जनप्रतिनिधि र कर्मचारीहरुलाई अनुरोध गरे । सामाजिक परिक्षणको क्रममा देखिएका सुझावहरुलाई योजना सहित कार्यान्वयनमा लैजानुपर्नेमा उनको जोड थियो । बर्षेनि पालिकाको कार्य सम्पादन सुधार हुदै आएको भन्दै खजुराको समृद्धीमा लागेको जनाए । उनले सामाजिक परिक्षण जस्ता कार्यक्रमलाई प्राथमिकिकरणमा राख्ने प्रतिबद्धता गरे ।

बासका कार्यक्रम प्रबन्धक मन भण्डारीले सञ्चालन गरेको कार्यक्रममा बास नेपालका निर्देशक तथा सामाजिक परिक्षक हेमराज भट्टले सामाजिक परिक्षण, प्रक्रिया, खजुरा गाउँपालिकाले आर्थिक बर्ष २०७९/०८० मा गरेका कार्यहरु, जनप्रतिनिधि तथा कर्मचारीहरुसँगको छलफल, लक्षित समुह छलफल, सन्दर्भ सामाग्री अध्ययन, स्थलगत अवलोकन लगायत बाट प्राप्त तथ्यसँगै गाउँपालिकाको राम्रा पक्षहरु सुधार गर्नुपर्ने पक्ष, समस्या, चुनौतीका बिषयमा प्रारम्भिक प्रतिबेदन प्रश्तुतीकरण गरेका थिए । प्रश्तुतीकरण पश्चात खुल्ला छलफलको क्रममा वडा अध्यक्षहरु, प्रमुख प्रशासकिय अधिकृत, कार्यपालिका सदस्य र शाखा प्रमुखहरुले बोलेका थिए ।

सामाजिक परिक्षण कार्यक्रम अन्तरगत भएको छलफलको क्रममा प्राप्त सुझावलाई समाबेश गरि खजुरा गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सामाजिक परिक्षण अन्तिम प्रतिबेदन सहजिकरण गर्ने संस्थाका तर्फबाट बास नेपालले पेश गरिनेछ । कार्यक्रमको समापन गाउँपालिका अध्यक्ष डम्बर बिकले गरेका थिए ।

### ७. सामाजिक परीक्षण अवधि :

| |
|---|
| सूचना संकलन, अध्ययन, समिक्षा : ५ दिन |
| स्थलगत अवलोकन, समूह केन्द्रीत छलफल : ४ दिन |
| सरोकारवालाहरुसँग छलफल, अन्तवार्ता : ३ दिन |
| सामाजिक परीक्षण प्रारम्भिक प्रस्तुती : १ दिन |
| अन्तिम प्रतिबेदन लेखन : २ दिन |

| सामाजिक परीक्षण गर्दा लागेको जम्मा दिन : १५ दिन |
|---|

## ८. खजुरा गाउँपालिकाको प्रगति :

### क) लेखा शाखा

| चालु र पूजिगत बजेटको अवस्था : | | |
|---|---|---|
| शिर्षक | बिनियोजित रकम | कैफियत |
| चालु बजेट | ५३,६२,०२,३२२.० (६१ प्रतिशत) | |
| पूजिगत बजेट | ३४,०२,९१,८३७.०९ (३९ प्रतिशत) | |
| जम्मा बजेट | ८७,६४,९४,१५९.०९ | |

| प्राप्ती र खर्च : | | |
|---|---|---|
| शिर्षक | प्राप्त रकम | खर्च |
| चालु बजेट | ५३,६२,०२,३२२.० (६१ प्रतिशत) | ४६,२४,४०,४०६.४८ (८६ प्रतिशत) |
| पूजिगत बजेट | ३४,०२,९१,८३७.०९ (३९ प्रतिशत) | १८,६८,६६,४०६.८७ (५५ प्रतिशत) |
| जम्मा बजेट | ८७,६४,९४,१५९.०९ | ६४,९३,०६,८१३.३५ (७४.०७ प्रतिशत) |

| | अनुमान | प्राप्ती | |
|---|---|---|---|
| विवरण | जम्मा रु. | प्राप्ति रु. | कैफियत/कम |
| संघीय समानीकरण | 167900000 | 155307500 | ० |
| संघीय सशर्त | 384989000 | 366498000 | |
| संघीय समपुरक | 7000000 | 5236964 | |
| संघीय बिशेष | 8000000 | 8000000 | |
| प्रदेश समानीकरण | 9449000 | 9449000 | 0 |
| प्रदेश सशर्त | 8000000 | 8000000 | 0 |
| प्रदेश बिशेष | 6000000 | 6400000 | 0 |
| प्रदेश समपुरक | 1500000 | 4604967 | 0 |
| संघ राजस्व | 119505000 | 64134270.07 | |
| प्रदेश राजस्व | 29189000 | 23826557.39 | |
| आन्तरिक राजस्व – मोज्दात | 120153159.09 | 120153159.09 | |
| आन्तरिक राजस्व | 19000000 | 19589605.81 | |

## प्राप्ती र खर्च :

| शिर्षक | प्राप्त रकम | खर्च |
|---|---|---|
| पूर्वाधार विकास | 26,93,55,772.43 | 13,35,57,168.84 |
| सामाजिक विकास | 40,99,35,660.6 | 37,86,49,339.22 |
| आर्थिक बिकास | 5,83,86,000 | 3,16,11,847 |
| कार्यालय सञ्चालन र प्रशासनिक | 10,02,70,201 | 7,93,63,867.83 |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | 3,85,46,525 | 2,61,24,590.43 |
| जम्मा | 87,64,94,159.09 | 64,93,06,813.35 |

**शाखाका सवल पक्षहरु :**

- ठेक्का प्रक्रियाबाट खरिद
- प्रक्रिया पुरा गरि आएमा समयमा नै भुक्तानी हुने गरेको ।
- जनप्रतिनिधि र कर्मचारी बिचमा राम्रो सम्बन्ध ।
- सफ्टवेयर प्रणाली लागु ।

लेखा शाखामा देखिएका समस्या तथा चुनौतीहरु :

- राजस्व सफ्टवेयरमा समस्या आउने गरेको
- उपभोक्ता समिति मार्फत भएका काममा कागजी प्रक्रिया नपुग्नु
- दक्ष कर्मचारीको अभाव
- राजस्व शंकलन भन्दा खर्च गर्ने परिपाटि
- टुक्रे योजना तर्जुमा गरिदा समस्या
- क्षमता विकास सम्बन्धी प्रयाप्त कार्यक्रम नहुनु
- बर्षको अन्तिमतिर योजना संसोधन र रकमान्तरण हुनु
- पुजिगत खर्च न्यून हुनु
- अख्तियारको त्रास

**ख) योजना शाखा :**

- **टेण्डर मार्फत सञ्चालीत योजना :**

| क्र.स. | विवरण | योजना सख्या | सम्पन्न |
|---|---|---|---|
| १ | टेन्डर प्रक्रियाबाट | ३४ | २२ |
| २ | दरभाउ पत्र मार्फत | २९ | १८ |
| ३ | गत बर्षको अल्या योजना | ३० | १२ |
| बहुबर्षिय योजना ४ (सभाहल, १५ शैया अस्पताल, शित भण्डार, प्रशासनिक भवन) | | | |

- **उपभोक्ता समिति मार्फत सञ्चालीत योजना :**

| क्र.स. | विवरण | योजना सख्या | कैफियत |
|---|---|---|---|
| १ | कुल योजना सख्या | २०५ | |
| २ | काम सम्पन्न योजना | १९५ | |
| ३ | योजना रद्ध भएका | २ | मसानघाट टस निर्माण र नाली निर्माण |

**शाखाका उपलब्धी तथा चुनौतीहरु :**

- रणनितिक योजना तयार नभई दिर्घकालिन योजनाको कार्य गर्दा योजना अलपत्र

- सम्झौता पछि काम प्रभावकारी नहुने गरेको
- योजना अगाडी बढाउदा अवरोधको सामना
- योजना अनुसार बिज्ञ जनशक्तिको अभाव
- योजना समयमा पुरा नहुने गरेको पटक पटक म्याद थप गर्दा निर्माणमा निकै ढिलाई हुने गरेको ।
- ठेक्का हुने र उपभोक्ता समिति मार्फत हुने कार्यलाई समय तालिका निर्माण गर्नपर्ने ।
- समयमा निर्माण सम्पन्न गरि उत्कृष्ट कार्य गर्ने कम्पनी वा समितिलाई पुरस्कृत र नगर्नेलाई दण्डीत गर्नुपर्ने ।
- निर्माण कम्पनीको म्याद थप गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्ने ।
- ठुला र बहुबर्षे कार्यका लागि प्राविधिक सुपरभाईजरको ब्यवस्थापन मिलाउनु पर्ने ।
- अन्तिम चौमासिक भित्र कुनै पनि योजनाको सम्झौता नगर्ने ।
- हरेक योजनाको सार्वजनिक परिक्षण गर्ने तथा योजनाहरुको सुचना पाटी अनिवार्य राख्नु पर्ने ।

**ग) प्राविधिक शाखा :**

**योजनाको विवरण**

| सि न. | कार्यक्रम | परिमाण | लागत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मर्मत सम्भार कोष(**सडक**) | - | 5,000,000 | |
| २ | विद्युत लाइन जडान तथा स्तरउन्नती | - | 2,000,000 | |
| ३ | भवन आवास तथा शहरी विकास | - | ९० लाख १६ हजार | |
| ४ | यातायात पूर्वाधार विकास | - | ३ करोड १५ लाख ५६ हजार | |
| ५ | सम्पदा पूर्वाधार विकास | - | ९ लाख १ हजार ६ सय | |
| ६ | पुननिर्माण तथा मर्मत तर्फ | - | 2,704,800 | |
| ७ | खानेपानी तथा सरसफाइ | - | रु. २८ लाख १७ हजार ५ सय | |
| ८ | संघिय सरकारबाट **हस्तान्तरण** | - | **४ करोड** | नमुना विद्यालय कार्यक्रम |
| ९ | प्रदेश सरकारबाट **हस्तान्तरण** | - | **३ करोड पचास लाख** | मुख्यमन्त्रि शैक्षिक सुधार कार्यक्रम |

| | | | | |
|---|---|---|---|---|
| १० | वडा **स्थरिय** विकास **निर्माण** | - | **तिन करोड चौरानब्बे लाख** | |
| ११ | **संघ** संस्थागत **अन्तर्गत**<br>विकास,क्षमता अभिवृद्धि | - | **35 लाख** | |

**शाखा अन्तरगत भएका महत्वपूर्ण उपलब्धीहरु :**

- उज्यालो पालिकाको ८ स्थानमा हाइमास्ट लाइट जडान तथा टोल बस्तिमा बिधुत तारपोल बिस्तार
- मुख्य बजार तथा गाउँबस्ति मा नाला निर्माण तथा क्रसड्रेन  निर्माण
- नयाँ बाटो ट्राक खोल्ने कार्य साथै सडक स्थर उन्नति अन्तर्गत ग्रेबल बाटो निर्माण भईरहेको
- पालिका स्तरीय गौरब का योजना (सित भण्डार, प्रसासनिक भवन निर्माण, सभाहल, खेलकुद ग्राम, औद्योगिक ग्राम, १५ सैया अस्पताल आदि) हरुको निरन्तरता)
- मुख्यमन्त्रि शैक्षिक सुधार तथा नमुना बिद्यालय कार्यक्रम अन्तर्गत भौतिक संरचना निर्माण
- खेलकुद बिकास तर्फ चौर निर्माण, प्यारापेट तथा स्टेडियम निर्माण
- सहिद स्मृति स्थल निर्माण तथा बिभिन्न पार्क ताल तलैया निर्माण
- झुलिंगे पुल निर्माण कार्य
- आयुर्बेद उपचार स्थल, योगा हल, खुसियाली घर, धार्मिक स्थल, समाधि स्थल निर्माण, पुनरुत्थान तथा मर्मत कार्य्र
- जिर्ण घर तथा फुस छाना भएका मौलिक परम्परागत घरहरुमा जस्तापाता वितरण
- कृषक सम्बन्धि कृसी तथा पसुपंछी बिकास शाखा अन्तर्गत बार्षिक कार्यक्रम भित्रका हाटबजार निर्माण कार्य, साना सिचाई परियोजना तथा गोदाम घर निर्माण कार्य गरिएको

**समस्या तथा चुनौतीहरु :**

- बिकास निर्माणमा जनसहभागिता मा कमि
- गाउपालिका भित्र आवश्यक रोजगारमुलक उद्होग ,कलकारखाना नहुनु
- खानेपानि तथा सार्वजनिक चर्पीहरुको अझै पनि उचित व्यवस्थापन नहुनु
- अव्यवस्थित शहरीकरण हुनसक्ने उच्च जोखिम
- बर्सेनि डुवान तथा कटानको समस्या ,भू खण्डित भैरहेको
- पालिका स्तरीय जनप्रतिनिधि तथा कर्मचारीहरुलाई तालिम को अभाव

**सुझावहरु :**

- भौतिक संरचना मा मात्रै नभई मानवीय श्रोतमा बृधी हुनुपर्ने,
- जनप्रतिनिधि तथा कर्मचारी हरुलाई तालिम
- व्यवस्थित शहरीकरण

**घ) आन्तरीक लेखा परिक्षण शाखा :**

**मुख्य उपलब्धीहरु :**

- लेखा परिक्षण प्रतिबेदन समयमा नै तयार हुने गरेको ।
- आलेप शाखा प्रमुखलाई अन्य जिम्मेवारी दिईदा शाखाको काम प्रभावीत भएको ।
- पालिकाको आ.बको बेरुजु २३ करोड ३९ लाख ५ हजार रहेको ।
- निर्माण व्यवसायिलाई २० प्रतिशत पेश्की दिनुपर्ने र समयमानै पेश नहुदा पेश्की बेरुजु बढ्दै गएको ।
- बिद्यालय तर्फको निकासा समयमा नहुने र आबको अन्त्यमा हुदा बेरुजु देखिएको ।
- आर्थिक सहायता अनियन्त्रीत रुपमा बढेको
- अन्उत्पादक क्षेत्रमा रकम खर्च हुनु ।

# राजश्व शाखा तर्फको मुख्य उपलब्धि

- आ. ब २०७९/०८०को कुल संकलित राजश्व रु १९५८९६०४.८९।–

## वडा गत राजश्वको विवरण

| वडा नम्बर | सम्पत्ति कर | राजश्व | कुल जम्मा |
|---|---|---|---|
| १ | ५१७९८१.५ | ४४२९४८.५५ | ९६०९३०.०५ |
| २ | ८०६७५३.५ | १५३८७८३.३१ | २३४५५३६.८१ |
| ३ | ६३२११७ | १८३५७५३.२७ | २४६७८७०.२७ |
| ४ | ३४४९६९ | ५७४०२५.७७ | ९१८९९४.७७ |
| ५ | ५७३७२०.८१ | ५५८८७३.५ | ११३२५९४.३१ |
| ६ | २९७६२५.७५ | ६६८७५१ | ९६६३७६.७५ |
| ७ | ८०४३३०.९३ | ६९००५६ | १४९४३८६.९३ |
| ८ | ४४५६६७.५ | ६३६१२३.०१ | १०८१७९०.५१ |
| कुल जम्मा | | | ११३६८४७९.८९ |
| | | | |

**शाखाको तर्फबाट सुझाव:**

- आर्थिक ऐन अनुरुप कार्य गर्नुपर्ने ।
- कर्मचारी प्रोत्साहन, क्षमता अभिबृद्धी, दरबन्दि अनुसार कर्मचारीको ब्यवस्थामा ध्यान दिनुपर्ने ।
- पालिका भित्र ब्यवसाय सञ्चालन गरिरहेका ब्यवसायिहरुलाई करको दायरामा ल्याउन ब्यवसाय दर्ता कार्यमा जोड दिनुपर्ने ।
- कर तिर्ने कार्यलाई ब्यवस्थीत गर्दै अनलाईन कर प्रणालीको बिकास गर्नुपर्ने ।
- बढ्दो शहरीकरणलाई ध्यानमा राखि फोहोर मैला ब्यवस्थापनमा ध्यान दिनुपर्ने ।

**ङ) पशुपंक्षि विकास शाखा :**

१. ७ प्रकारका निशुल्क औषधि वितरण

२. कार्यालय भित्र गाई भैसीमा निशुल्क कृत्रिम सर्भाधान सेवा

३. पशु बन्धाकरण : १७६६ वटा (बोका : २५६५ र बहर : १४५)

४. रोग सर्भिलेन्स तथा नमुना संकलन तथा सम्प्रेषण

५. गाईनोकोलोजिकल उपचार : ९८

गाई पाठेघर सफाई ५४

भैसी पाठेघर सफाई ४४

**समस्या तथा चुनौतीहरु :**

- गोठ खोर सुधारका लागि अत्याधिक माग
- बोयर क्रस बोका
- पशु विमा, पशु सुत्केरी भक्ता तथा
- चारा काट्ने मेसिन
- माछा पोखरी बिशेष कार्यक्रम
- पशुपंक्षि औषधि उपचार कक्ष विस्ता र
- सिमाना क्षेत्र विशेष कार्यक्रम

**च) बन वातावरण तथा विपत ब्यवस्थापन शाखा**

**महत्वपूर्ण उपलब्धीहरु :**

- निर्वाचित जन प्रनप्रतिनिधिलाई वन, वातावरण तथा वन उद्या सम्बन्धी नीति नियमहरुमा क्षमता विकास गोष्ठी : १ पटक
- पालिका भित्रका बन क्षेत्रका सरोकारवालाहरुसँग भेला : १

घर नक्सा तथा पूर्वाधार विकास शाखा :

- बाटो कालोपत्रे : ४५० मिटर

- बाटो ग्रावेल : २४०० मिटर
- नयाँ ट्याक निर्माण : ३००० मिटर
- बिद्युत पोल : ४५ वटा
- सडक तार पोल विस्तार : ३००० मिटर
- झोलुंगेपुल : १ वटा
- मन्दिर तथा चर्च मर्मत तथा निर्माण : ३ वटा

**छ) स्वास्थ्य तथा सामाजिक विकास शाखा**

**महत्वपूर्ण उपलब्धीहरु :**

- ८० जना विपन्न घरपरिवारको निशुल्क स्वास्थ्य विमा गरिएको छ ।
- १०८ जना महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाको निशुल्क बिमा गरिएको ।
- सुत्केसी तथा विपन्न नागरिक ४४ जनालाई निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको ।
- २ स्थानमा स्त्रीरोग सम्बन्धी बिशेषज्ञ स्वास्थ्य सिविर सञ्चालन गरिएको थियो जसबाट ३७० जनाले सेवा लिएका थिए ।
- ३ स्थानमा पाठेघरको क्यान्सर तथा आंग खस्ने समस्या सम्बन्धी बिशेषज्ञ स्वास्थ्य सिविर सञ्चालन गरिएको जसबाट १८० जना लाभाम्बित भएको ।
- ६ स्थान बाट निशुल्क गर्भपतनको सुविधा दिईएको जसबाट १८५ जनले सुविधा लिएको ।
- अत्यावश्यक औषधि खरिदकालागि टेण्डर प्रक्रिया मार्फत खुल्ला खरिद गरिएको ।
- सबै वडाबाट गर्भवतिका लागि निशुल्क क्याल्सीयम वितरण
- खजुरा स्वास्थ्य केन्द्रमा मासिक रुपमा आखाँ जाँच सिविर सञ्चालन
- दादुरा महामारि समयमा नै नियन्त्रण गर्न सफल भएको
- वडा नम्बर १, २ र उढरापुरमा आखाँ तथा कान सम्बन्धी निशुल्क शिविर सञ्चालन गरिएको जसबाट ७६४ जनाले सेवा लिएका
- जेष्ठ तथा असक्त नागरिकसँग अध्यक्ष कार्यक्रम अन्तरगत २४०० भन्दा बढी घरमा निशुल्क स्वास्थ्य परिक्षण तथा औषधि वितरण गरिएको र ८४० जनाको रगत जाँच गरिएको ।
- नेपाली सेनाको प्राविधिक सहयोगमा सोनपुर स्वास्थ्य चौकीमा ६०० जनाको बृहत निशुल्क स्वास्थ्य सिविर सञ्चालन
- विपन्न तथा दिर्घरोगीप्रति पालिका उत्तरदायि कार्यक्रममा विपन्न नागरीकलाई उपचार खर्चको रुपमा ४२ जनालाई ५० हजारका दरले वितरण गरिएको ।

- प्रतिवडा एक बिद्यालयका बिद्यार्थीको स्वास्थ्य परिक्षण गरिएको जसबाट ३६६० बालवालिकाको स्वास्थ्य परिक्षण भएको थियो ।
- स्वास्थ्य संघ संस्थाहरुको नविकरण दर्ता सुपरिवेक्षण तथा अनुगमन निर्देशिका पारित भएको छ ।
- आ.ब. मा शशर्त तर्फको कार्यक्रम ९४ प्रतिशत रकम खर्च भएको तथा कार्यक्रम सम्पन्न भएको ।
- आ.बमा निशर्त तर्फको कार्यक्रम ९५ प्रतिशत रकम खर्च भएको
- निशुल्क अक्सिजन सिलिन्डर उपलब्ध गराउदै आएको ।

**समस्या तथा चुनौतीहरु :**

- आधारभुत स्वास्थ्थ्य केन्द्रहरुमा कर्मचारीहरुको अभाव
- कर्मचारी दरबन्दि आवश्यकताको आधारमा नभएको
- कर्मचारी उत्प्रेरणा जरुरी रहेको
- अनुगमन तथा सुपरिबेक्षण कार्य सोचेअनुसार नभएको ।
- आमाको तथा शिशु मृत्युदर बढेको
- महिला स्वास्थ्य स्वयम् सेविका तथा आमा समुहलाई सक्रियरुपमा संचालन गर्न नसकिएको ।

**छ) रोजगार शाखा :**

**प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारीकालागि रुपान्तरण कार्यक्रम**

- आर्थिक बर्ष २०७९,०८० मा सुचिकृत बेरोजगारहरुको सख्या :
- अस्थायी रोजगारी सख्या : १०७ जना
- ६७ जना प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत १०० दिन अस्थायी रोजगारी
- ४० जनालाई रुपान्तरण पहल कार्यक्रम अन्तरगत पारिश्रमिकमा आधारीत सामुदायिक आयोजना मार्फत १०० दिनको रोजगारी सिर्जना
- प्रत्येक वडामा कम्तिमा एउटा कार्यक्रम सञ्चालन
- बैदेशिक रोजगारीमा गएका वा बिदामा फर्किएका मृत्यु भएका व्यक्तिको घरपरिवारलाई ७ लाख आर्थिक क्षतिपूर्ती तथा शब ढुवानीका लागि लागि सहजिकरण
- २१ जनालाइ श्रम स्विकृती सम्बन्धी सेवा प्रदान ।
- स्थानीय जनप्रतिनिधिलाई अभिमुखिकरण
- स्थानीय निर्देशक समितिलाई अभिमुखिकरण
- रोगार सहायकको नियुक्ती गरिएको
- रोजगार शाखालाई मोटरसाईकल, कलर प्रिन्ट र सुरक्षा सामाग्री खरिद

- नव निर्वाचित जनप्रतिनिधिहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अभिमुखिकरण
- हरेक बर्षको फागुनमा एमआई प्रणाली मार्फत बेरोजगारहरुको तथ्यांक अद्यावधिक गर्ने गरिएको छ ।

**समस्या तथा चुनौती :**

- बेरोजगार व्यक्तिहरुको प्राथमिकिकरण
- अपेक्षित अपनत्वको भावनामा कमी
- आयोजनामा ढिलाई हुनु

**ज) शिक्षा शाखा :**

**बिद्यालयहरुको अवस्था**

- जम्मा मदरसा सख्या : सामुदायिक : १७, संस्थागत : ०
- बालविकास सख्या : सामुदायिक : ६६, संस्थागत : २०
- प्रविको सख्या : सामुदायिक : ११, संस्थागत : ५
- निमावि सख्या : सामुदायिक : ४, संस्थागत : ५
- मावि : सामुदायिक : १५, संस्थागत : ८

**शिक्षा बजेटको भौतिक तथा वित्तिय प्रगति**

- भौतिक प्रगति : १०० प्रतिशत
- वित्तिय प्रगति : ८७ प्रतिशत

  **शिक्षक विवरण**

- १. बालविकास : ६६ जना दरबन्दी
- २. प्राथमिक : ११३ (४३ राहत)
- ३. निमाबि तह : ३३ (९ राहत)
- ४. माध्यमित : २९ (७ राहत)
- ५. कक्षा ११ र १२ : ६ दरबन्दी, ६ राहत
- ६. प्राविधिक धार : १६ राहत

**शाखाका मुख्य उपलब्धीहरु :**

- सार्वजनिक बिद्यालयका बिद्यार्थीका लागि निशुल्क पाठ्यपुष्तक अनुदान
- ३२०२ जना सामुदायिक बिद्यालयका छात्रालाई सेनेटरी प्याड ब्यवस्थापन
- १५४१७ जनालाई लागत सिकाई सामाग्री अनुदान
- ICT Friendly कक्षा सञ्चालीत छ । २५० जना शिक्षकलाई तालिम दिईसकीएको छ ।

- विभिन्न बिद्यालयहरुमा १९० वटा ल्याप्टप वितरण गरिएको छ।
- सबै १६ ओटा माबि बिद्यालयमा पुष्तकालय र साईन्स ल्याब सञ्चालमा छ।
- सबै बिद्यालयहरुमा स्थायी प्रधानाध्यापकको नियुक्ती गरिएको छ जसले शैक्षिक गुणस्तरमा सुधार भएको छ।
- ८० प्रतिशत बिद्यालयको भौतीक संरचना छ तर पानिको अभावमा शौचालय प्रयोग विहिन छन्।
- ज्ञानोद्धय लगायतका केही बिद्यालयहरुमा पढ्दै, सिक्दै र कमाउदै कार्यक्रम लागु यसले बिद्यार्थीलाई उदमतर्फ आकर्षित गरेको छ।
- पालिका स्तरीय रनिंग सिल्ड प्रतियोगिता सञ्चालन गर्नुपर्ने

**समस्या तथा चुनौतीहरु :**

- मधेषि समुदायमा भर्ना गर्ने, छात्रबृती लिने तर बिद्यालय नियमित नहुने समस्या वडा नम्बर ६,७,८ भएकाले अभिभावक सचेतना कार्यक्रम सञ्चालन हुनुपर्ने।
- बिद्यालयका शौचालयहरु पानीको अभावमा प्रयोग बिहिन रहेको
- राष्टपति शैक्षिक सुधार कार्यक्रममा राजनितिकरण हुने गरेको
- ठुलो लगानीमा खानेपानीको ट्यांकी बनेका छन् तर सञ्चालन हुन नसक्नु
- बालवालिका ड्प आउट हुने समस्या भएकाले अभिभावक शिक्षा जरुरी छ।
- कक्षा ८ सम्म नेपाली र माथि उर्दु पढाई हुने भएकाले निरन्तरताको अभाव
- स्कुल भिकाउन र टिकाउन नयाँ कार्ययोजना सहित आउनु पर्ने।
- पालिकाले काम गर्दा नीति अनुसार गर्नु पर्ने ब्यक्ति अनुसार भईरहेको छ
- शिक्षकको तलबमान औषत भन्दा निकै कम भएकाले बढाउन जरुरी छ।
- पार्टीगत भागभण्डामा ब्यवस्थापन समिति गठन हुने गरेकाले सुधार गर्नुपर्ने
- ८ ओटा बिद्यालयमा खानेपानीको योजनाको हाल सम्म प्रति बिद्यालय ५ लाख भुक्तानी नभएकाले तत्काल समाधान खोजी भुक्तानीको पहल गर्नुपर्ने।
- शाखाहरुको त्रैमासिक समिक्षा गर्न जरुरी छ।
- शिक्षा शाखामा २ जनाको मात्रै दरबन्दि रहेको छ ४ जना रिक्त रहेकाले तत्काल पूर्ती गर्नुपर्ने

**झ) सूचना प्रविधि शाखा :**

**महत्वपूर्ण उपलब्धीहरु :**

- कार्यालयका दैनिक गतिविधी सार्वजनिक सुचना प्रवाह गर्ने गरिएको।
- गाउँपालिकाको कम्प्यूटर तथा सम्बन्धी अन्य मेशिनरी समानहरुको रेखदेख तयार मर्मत सम्भारमा सहयोग गरिएको।

- विधुतीय शासन स्थापनाका लागी आवश्यक वेबसाइट, आधिकारिक सामाजिक संजाल फेसबुक, ट्वीटर, युट्युब,  सरकारी ईमेल, कम्प्यूटरीकृत सफ्टवेयर प्रणाली संचालनमा सहयोग गरिएको ।
- एकिकृत ईहाजिरी पुर्ण रुपमा संचालन गरिएको (पालिका,शाखाहरु,विद्यालयहरु, स्वास्थ्य संस्थाहरुमा) जडान गरि पालिकबाट निगरानी हुने गरेको ।
- स्थानिय तह संस्थागत क्षमता मुल्यांकनका तथा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनको नतिजा प्रकाशन गरिएको ।
- शाखा तथा वडा कार्यालयहरुलाई सूचना प्रविधि सम्बन्धी काममा सहजिकरण गर्ने गरिएको ।
- पालिकाको निति तथा कार्यक्रम र बजेटको मयअगष्भलतबतष्यल को काम सहयोग गर्ने गरिएको ।
- नेपाल सरकार, प्रदेश सरकार तथा अन्य कार्यालयका डाटाबेसले(समपुरक,विशेष अनुदान जस्ता अन्य डाटाबेस) मागे बमोजिमका डाटाहरु (योजना,बजेट वा अन्य कागजात) अपलोड गरि समय भित्र पठाउने गर्ने गरेको ।

सुधार गर्नुपर्ने

- सूचना प्रविधि लाई प्रथामिकता दिई पालिकालाई सूचना प्रविधि मैत्री बनाउने।
- सूचना प्रविधि (अनलाइन सेवा) लाई जनताको पहुच सहजिकरण गर्ने
- सूचना प्रविधि सम्बन्धि निति, नियम तथा कार्यविधि लागु गरि सुचना प्रविधि सम्बन्धि कार्यमा सहज हुने गरि काम गर्ने ।

**ञ) नागरिक आरोग्य सेवा केन्द्र :**

**मुख्य उपलब्धीहरु :**

- निशुल्क बिरामीको स्वास्थ्य परिक्षण र औषधि वितरण
- जनचेतना मुलक कार्यक्रम सञ्चालन
- नियमित बिरामीको स्वास्थ्य परिक्षणबाट ८०९६ जनाले सेवा लिएका
- ५०० जना बिद्यार्थीलाई योग अभ्यास सम्बन्धी प्रशिक्षण गरिएको
- विभिन्न वडा र समुदायमा स्वास्थ्य परिक्षण
- वडा स्तरीय नागरिक आरोग्य समुहका सदस्यलाई स्वास्थ्य जिवन शैली र भान्सा सुधार सम्बन्धी सचेतना मुलक कार्यक्रम

**समस्याहरु :**

- कर्मचारीको कमी, भौतीक पूर्वाधारको कमी, आर्थिक अभाव

**ट) न्यायीक शाखा**

| क्र.स | विवादको प्रकृति | जम्मा दर्ता संख्या | जम्मा सहमति संख्या | जम्मा असहमति संख्या | प्रक्रियामा रहेको |
|---|---|---|---|---|---|
| १ | लेनदेन/ज्याला मजदुरी | १०९ | ७६ | - | ३३ |
| २ | जग्गा विवाद | ९८ | ४६ | ७ | ४५ |
| ३ | गालि गलौच झै-झगडा | ५१ | ५० | - | १ |
| ४ | अंशवन्डा | २९ | १४ | १२ | ३ |
| ५ | लैङ्गिक महिला हिंसा | २५ | १९ | - | ६ |
| ६ | बाटो निकाश | ३५ | ३१ | २ | २ |
| ७ | बालि नालि नोक्सानी गरेको | २५ | १८ | - | ७ |
| ८ | साध /सधियारमा विरुवा लगाएको | १५ | १० | - | ५ |
| ९ | पानि निकाश | १८ | १२ | - | ६ |
| १० | लालन पालन | १५ | १४ | - | १ |
| ११ | फोहोर फाली दुर्गन्ध फैलाएको | २९ | २२ | - | ७ |
| १२ | **जम्मा** | **४४९** | **३१२** | **२१** | **११६** |

उपलब्धीहरु :

- दक्ष जिशक्ति उत्पादन
- प्रक्रियागत रुपमा विवदा समाधान भईरहेको
- न्यायीक समिति प्रतिको विश्वास बढ्दै जानु
- प्रत्येक वडामा मेलमिलाप केन्द्रको स्थापना गरि संयोजकको नियुक्त गरिएको ।

समस्या तथा चुनौती

- कानुन सम्बन्धी ज्ञानको अभाव
- समिति पदाधिकारी, कर्मचारी र संयोजकलाई विवाद निरुपण सम्बनधी तालिमको ब्यवस्था
- प्रयाप्त बजेट तथा सामाग्रीको अभाव
- राजनितिक हस्तक्षेप
- अलग्गै इजलासको ब्यवस्था गर्नुपर्ने
- कानुन सम्बन्धीका पुष्तक खरीद गर्नुपर्ने

ठ) लघुउद्यम शाखा :

मुख्य उपलब्धीहरु :

- १०४ जना बेरोजगार तथा गृहीणी महिलाहरुलाई लघु उद्यमी समुहमा आबद्ध
- उद्यमशिलता क्षमता अभिबृद्धी तालिम सञ्चालन
- व्यवसायिक योजना तयार

**समस्या तथा चुनौतीहरु**

- समुदाय स्तरीय कार्यक्रममा जनप्रतिनिधिहरु उपस्थिती हुनुपर्ने ।
- नयाँ व्यवसायिहरुलाई तालिम प्रदान गरि व्यवसाय सञ्चालन गर्न सचेतना
- बैदेशिक रोजगारबाट फर्किएका ब्यक्तिहरुलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्नुपनै
- ब्यवसाय दर्ता र नविकरणमा ध्यान दिनुपर्ने
- खुल्ला सिमानाबाट आउने सामान माथि नियन्त्रण गर्नुपर्ने ।

**ड) कृषि शाखा**

**मुख्य उपलब्धीहरु :**

- माटो परिक्षण प्रयोगशाला स्थापना भएको छ ।
- सिचाई तथा जलश्रोत कार्यक्रम अन्तरगत ३३० जना कृषक लाभाम्बित भएका छन् ।
- अनुदानका कार्यक्रममा लागत साझेदारीबाट २०० जना कृषक लाभाम्बित भएका छन् ।
- २२५ जना कृषकलाई तालिम प्रदान गरिएको छ ।
- बालि प्रतियोगिता (बढि अन्न उत्पादन प्रतियोगिता) सञ्चालन भएको छ ।
- गाउँपालिका भित्र रहेका कृषकहरुको तथ्यांक संकलन गरिएको छ ।
- किसान सुचिकरण अन्तरगत किसान परिचय पत्रको लागि वडा नम्बर ४ र ८ मा तथ्यांक संकलन गरिएको छ ।

**समस्या तथा चुनौतीहरु :**

- शशर्त कार्यक्रम अन्तरगत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना साना ब्यवसायिक कृषि उत्पादन केन्द्र कार्यक्रममा नीतिगत परिवर्तन गर्नुपर्ने, आर्थिक बर्ष अनुसार धान पकेट गर्दा समस्या भइरहेकाले समाधान गर्नुपर्ने र केन्द्रीकरण कार्यक्रमको प्रभाव रहेकाले बिकेन्द्रीकरणमा कार्य गर्नुपर्ने ।
- समन्वयको अभाव रहेकाले बढाउनु पर्ने ।
- कृषि शाखामा स्टोरको समस्या रहेकाले ब्यवस्थापन गर्नुपर्ने ।
- शाखाबाट पालिका टाढा भएकाले समन्वयमा कठिनाई भएको छ ।
- फिल्ड सुविधा तथा सवारी मर्मत सुविधामा समस्या ।
- कृषि कार्यविधि निर्माण भई काम भईरहेको भएपनि जनप्रतिनिधि नै सो बारेमा जानकार नहुदा समस्या भएको छ ।
- ५०० भन्दा बढी अनुदान वितरण भएकाले प्रभावकारी अनुगमनमा ध्यान दिनुपर्ने ।

सुझावहरु :

- केन्द्रीय कार्यक्रमलाई आधार मानेर स्थानीय आवश्यकता अनुरुप कार्यविधि तथा मापदण्ड बनाउन आवश्यक रहेको ।
- बिषयगत शाखा प्रतिको स्पष्टता
- समयमा नै सामाग्री उपलब्ध गराउने तर्फ ध्यान दिनुपर्ने ।
- कर्मचारी क्षमता अभिबृद्धी गर्नुपर्ने ।

**ढ) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाको**

महत्वपूर्ण उपलब्धीहरु :

१. महिला विका; लागि भएका बेजिङ्ग घोषणा पत्रका बाह्वटा प्रतिबद्धता तथा CEWDA, राष्ट संघका प्रस्तावहरुको बारेमा स्थानिय सरकारका पदाधिकारीहरु र कर्मचारीहरुलाई अभिमुखिकरण गरिएको ।

२. लैङ्गिक हिंसा निवारणमा पुरुष सहभागिता प्रबर्दनका लागी सशक्तिकरण सहकार्य बिषयमा ३ दिने तालिम गरिएको ।

३. स्थानीय पदाधिकारी, कर्मचारी तथा संस्थाका प्रतिनिधिलाई लैंगिक तथा समाबेशि बिकास र लैंगिक हिंसा सम्बन्धी तालिम प्रदान गरिएको ।

४. महिला तथा बालबालिकाकालाई संविधान प्रदत्त हक अधिकार तथा कानुनमा भएका पछिल्ला परिवर्तन सम्बन्धी २ दिने अभिमुखिकरण कार्यक्रम गरिएको ।

५. लैङ्गिक हिंसा र बालश्रम, बालविवाह, घरेलु हिंसा जातिय विभेद सम्बन्धमा अभियान संचालन गरिएको ।

६. लैंगिक हिंसा निवारण र बाल संरक्षण कोष सञ्चालन गरिएको छ ।

७. घरेलु हिंसा, लागु औषध दूब्यसनी अन्तकालागि टोल विकास संस्था मार्फत बहस पैरबी तथा चेतना मुलक अभियान सञ्चालन भएको ।

८. विभिन्न दिवसहरु मनाउने तथा आवश्यक सहजिकरण गर्ने काम भएको छ ।

९. मानब बेचविखन विरुद्धको पालिका स्तरीय समितिको बैठक बस्ने गरेको छ ।

१० मानब बेचविखन तथा ओसार पसार बिरुद्धको वडा स्तरीय समितिको क्षमता विकास कार्यक्रम सञ्चालन भएको ।

११ बाल क्लब संजालको नियमित बैठक र छलफल हुने गरेको ।

१२. अपांगता परिचय पत्र र जेष्ठ नागरिक परिचय पत्र वितरण गरिदै आएको ।

१३. किशोरीहरुलाई लक्षित गरि विभिन्न तालिम तथा कार्यक्रम सञ्चालन भएको ।

१४. ३ दिने नेतृत्व तथा संस्थागत विकास तालिम सञ्चालन भएको ।

१५. निगरानी समिति गठन तथा परिचालन ।

**सुझावहरू :**

- शाखामा कर्मचारि दरबन्दि अभाब ।
- मानब विकासका विषयमा कम चासोका कारण न्युन बजेट विनियोजन हुदा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका विषहरुले प्रथमिकता नपाउने गरेको ।
- लैङ्गिक उत्तरदाइ बजेट न्युन हुनु ।
- बालमैत्री शासनका लागु गर्न नसक्नु ।

**९. आ.व. २०७९/२०८० मा पालिकाले गरेका मुख्य मुख्य कार्यहरू :**

- मधेष समुदाय केन्द्रीत बिकास
- शित भण्डार सञ्चालनको तयारी
- गाँउपालिकाको सेवा प्रवाह, बित्तिय व्यवस्थापन, आयोजना व्यवस्थापन, अभिलेख व्यवस्थापन आदि बिषयको नियमित अनुगमन ।
- नमुना बिद्यालय र खजुरा कृषि क्याम्पस सञ्चालन
- नियमित गाँउ कार्यपालिकाको बैठक
- खजुरा गापाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि २०७९
- कार्य सञ्चालन निर्देशिका २०७९
- आधारभुत तह कक्षा १ देखि ८ को स्थानीय पाठ्यक्रम २०८०
- मानव बेचविखन बिरुद्धको नीति तथा मानव बेचबिखन नियन्त्रण सम्बन्धी रणनीति कार्ययोजना २०८०
- खजुरा गापाको बाल संरक्षण नीति
- बाल क्लब र बाल क्लब सञ्जाल गठन तथा सञ्चालन कार्यविधि
- प्रत्येक वडामा रोजगार उपभोक्ता समिती गठन ।

संस्थागत सुःशासन तर्फः

१. नियमित रुपमा पालिकाले सार्वजनिक सुनुवाई गरिरहेको

२. कर्मचारी क्षमता अभिबृद्धी तथा स्थानिय सरकार सञ्चालन ऐनका बारेमा छलफल ।

**११. स्थलगत अवलोकनबाट प्राप्त तथ्यहरू :**

- नियमित कार्यालय सञ्चालन ।
- गाउपालिकाको नयाँ भवन निर्माणाधिन अवस्थामा रहेको ।
- जनप्रतिनिधि र कर्मचारीहरु बिचको सम्बन्ध राम्रो ।
- गाँउपालिकामा बिकासे योजनाहरु सञ्चालन भएको ।
- गाँउपालिकामा सुचना पाटी उचित स्थानमा राखिएको छ ।
- पालिकामा गुनासो पेटिकाको प्रयोग नभएको ।

- कार्यालय परिसरमा सरसफाई ।
- पार्किंगको व्यवस्थापन गरिएको छ ।
- कर्मचारीहरुको व्यवहार राम्रो छ ।
- अधिकांस आयोजना/परियोजनामा सूचना पाटी राख्ने नगरेको ।
- अघिल्लो आर्थिक बर्षमा डिजिटल सूचना पार्टि रहेकोमा अहिले हटाईएको छ ।
- गाँउपालिका जाने बाटो पिच भएकोछ ।
- केही शाखाहरु अपांग मैत्री नभएको *(प्र.प्र.अ, लेखा तथा महिला तथा बालवालिका शाखा लगायत शाखा)*
- योजना लगायत महत्वपूर्ण शाखाहरु व्यवस्थित नभएको ।
- दस्ताबेजीकरणमा ध्यान दिनुपर्ने ।
- कार्यालय समयमा मोवाईलको अध्यधिक प्रयोग लाई निरुत्साहित गर्नुपर्ने ।
- पालिकाको रोजगार नीति तयार गर्नुपर्ने ।

**१२. अभिलेखिकरण, समन्वय :**

- जन प्रतिनिधि र कर्मचारी बिच, समन्वय, सहकार्य राम्रो ।
- गाँउपालिकाको वेवसाईट नियमित रुपमा अपडेट गरिएको ।
- ईसेवाको उचित प्रबर्द्धन गर्दै आएको ।
- कार्यालयको सम्पूर्ण शाखाहरुको निगरानीका लागि सिसिटिभि क्यामेरालाई प्रभवकारी बनाउनुपर्ने ।
- दक्ष जनशक्तिको खाँचो ।
- बिभिन्न गैससहरुसँग समन्वयमा काम भईरहेको ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्बन्ध तथा समन्वयमा कमी
- स्वस्फूर्त त्रैमासिक रुपमा सूचना आम नागकिरहरुले थाहा पाउने गरी प्रकाशन प्रसारण नगरेको ।
- गाँउपालिकाको अभिलेखिकरण चुस्त, दुरुस्त गर्न जरुरी रहेको ।

**१३. अन्तवार्ता र समूहगत छलफलबाट प्राप्त तथ्यहरू :**

- जनप्रतिनिधि र कर्मचारी बिचको समन्वय तथा सहकार्य प्रभावकारि ।
- पूर्वाधार विकास योजनाहरु कार्यान्वयनमा समस्या रहेको ।
- सहकार्यको प्रयास गर्नुपर्ने ।
- पालिका भित्र रहेका गौरबका आयोजनाहरु अलपत्र अवस्थामा रहेको ।
- आन्तरिक सुशासनका लागि धेरै सुधार गर्नुपर्ने ।
- बिकास निर्माणका कार्यहरुको प्रभावकारी अनुगमन गर्नुपर्ने ।
- शैक्षिक पूर्वाधार विकासमा राम्रो प्रगति ।
- प्रभावकारी स्वास्थ्य सेवा प्रवाह भईरहेको ।

- समग्र पालिकाको सेवा प्रवाह चुस्त दुरुस्त गर्नुपर्ने ।
- पालिका सुधार हुदै जानु पर्नेमा थप कमजोर बन्दै गएकोमा सशकीत
- स्थानिय स्तरमा योजना सञ्चालन गर्दा अनिवार्य स्थानीयहरुको सहभागिता हुनुपर्ने
- योजनाहरुको अनुगमनमा वडाका पदाधिकारीहरुको चासो तथा सहभागिता न्युन
- रोजगार मुखि कार्यक्रमहरु न्यून सख्यामा सञ्चालन भएकोले बढाउनु पर्ने ।
- सम्भाब्यता अध्ययन गरेर समयमा नै बजेट खर्च गर्नुपर्ने ।
- योग्यता र क्षमता अनुसारको जिम्मेवारी दिनुपर्ने ।
- बिद्यालयको नक्सांकन नहुदा सम्म तह थप रोक्नु पर्ने ।
- शैक्षिक गुणस्तर योजना तयार गर्नुपर्ने ।
- आ.ब. २०७८,०८९ मा शुरु गरेको बिद्यालय शिक्षा योजना लाई निरन्तरता दिन जरुरी छ ।
- शिक्षक पेशागत क्षमता विकास तालिम गर्नुपर्ने । तालिमहरु नाम मात्रैको भएकाले बिषय बिज्ञको प्रशिक्षणमा गर्न जरुरी रहेको ।
- पढ्दै कमाउदै कार्यक्रम मार्फत उत्पादीत सामाग्रीको बजार सुनिश्चितता गाँउपालिकाले गर्नुपर्ने तथा अपनत्व ग्रहण गर्नुपर्ने ।
- शिक्षा शाखामा दरबन्दि निकै कम रहेकाले पूर्ती गर्नुपर्ने । कम्प्युटर अपरेटरको ब्यवस्थापन गर्नुपर्ने
- त्रैमासिक समिक्षा गर्नुपर्ने ।
- मुस्लिम समुदायमा उमेर नपुग्दै बिवाह गर्ने परिपाटि रहेकाले सचेतना मुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- योजना तथा कार्यक्रममा राजनिति हावी हुने गरेको ।
- कर्मचारी प्रतिको दृष्टीकोण परिवर्तन गर्नुपर्ने
- नियमित मासिक बैठक हुनुपर्ने १ गते तोकिएपनि नहुने गरेको ।
- काम गर्ने क्रममा विभिन्न राजनितिक दवाव आउने गरेको
- नियम संगत गर्ने शाखालाई प्रोत्साहन गर्नुपर्ने
- राष्टपति शैक्षिक सुधार कार्यक्रममा राजनितिकरण हुने गरेको छ ।
- लैंगिक उत्तरदायी बजेटमा ध्यान दिनुपर्ने ।
- आरोग्यको आफ्नै भवनको निर्माण कार्य शुरु भएको
- सरकारी बिद्यालयमा सबै शिक्षकले आफ्ना छोराछोरीलाई सरकारी मै पढाउने तीति पालिकाले ल्याउनु पर्ने ।
- शीत भण्डार, सभाहल, चिल्डेन पार्क लगायतका योजनाहरु पूर्ण गर्नुपर्ने ।
- विगतका योजनाहरुलाई प्राथमिकिकरणमा राख्नु पर्ने ।

### १४. पालिकाले समग्र सुधार गर्नुपर्ने कुराहरू

- गाउँपालिकामा बिषय बिज्ञहरुको कमी
- सिमित स्रोत, असिमित जनताका माग, भएको श्रोत समेत समयमा खर्च नहुनु ।
- प्राविधिक तथा शिपमुलक तालिम निकै न्यून
- आर्थिक बर्ष २०७९ ०८० मा पालिकाको प्रगति ५४ प्रतिशत मात्रै देखिएकाले सो बिषयमा गम्भिर समिक्षा गर्दै सुधारका कार्य गर्नुपर्ने ।
- बिद्यालयका शौचालयहरु पानीको अभावमा प्रयोग बिहिन रहेकाले सो कालागि व्यवस्थापन गर्नुपर्ने ।
- ठुलो लगानीमा निर्माण भएका खानेपानी ट्यांकीको समस्या समाधान गरी तत्काल प्रयोगमा ल्याउनु पर्ने ।
- आ.ब.को अन्तमा रकम निकाशा हुने कारणले योजनाहरु अधुरो रहने ।
- स्कुल भिकाउन र टिकाउन नयाँ कार्ययोजना सहित योजना गर्नुपर्ने ।
- काम गर्दा ब्यक्ति अनुसार नभएर नीति अनुरुप गर्नुपर्ने
- पार्टीगत भागभण्डामा ब्यवस्थापन समिति गठन हुने गरेकाले निष्पक्ष बनाउनु पर्ने ।
- ६ ओटा बिद्यालयमा खोनेपानीको योजनाको हाल सम्म प्रति बिद्यालय ५ लाख भुक्तानी नभएकाले तत्काल समाधान खोजी भुक्तानीको पहल गर्नुपर्ने ।
- पालिकाका महत्वपूर्ण शाखा प्रमुखहरुका बिचमा समन्वयको चरम अभाव
- योजना शाखामा जम्मा १ जना मात्रै कर्मचारी रहेको जसका लागि तत्काल कर्मचारी ब्यवस्थापन जरुरी छ ।
- प्रमुख प्रशासकिय अधिकृतले सबै शाखाहरुको समस्या बुझेर समाधानको पहल गर्नुपर्ने ।

### १५. सामाजिक परिक्षकको तर्फबाट सुझाबहरू :

- श्रोतको उपलब्धता बढाउनु पर्ने ।
- आन्तरीक सुशासनमा थप जोड दिनु पर्ने ।
- शाखाहरुको प्रगतिलाई ध्यानमा राखि कर्मचारी प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- सूचना प्रबाहलाई थप व्यापकता दिनु पर्ने ।
- बिभिन्न योजना, आयोजनाहरुको अनुगमन नियमित प्रभावकारि ढंगले गर्नु पर्ने
- हेल्पडेस्क ब्यवस्थापन गर्नुपर्ने ।
- नियमित नीति, निर्देशिका बारे अभिमुखिकरण सञ्चालन गर्नु पर्ने ।
- आवश्यकताको आधारमा योजना तयार गर्नुपर्ने ।
- आय आर्जन र स्वरोजगार मुलक कार्यक्रममा जोड दिनुपर्ने ।
- समयमा योजना पुरा गर्ने तर्फ समयमा नै ध्यान दिनुपर्ने ।

**सम्बन्धित फोटोहरू :**


Inbox (2) - khajuraruralmun
Inbox - ict.khajurarumun@g
Nepal Government Email Si
मन्त्रालयहरुबाट जारी परिपत्र नि
सङ्घीय मामिला तथा सामान्य प्र
खजुरा गाउँपालिकागाउँ का
khajuramun.gov.np
Dashboard Content Structure Appearance Configuration Reports Help
खजुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सूचना तथा समाचार
गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत नयाँ लघु उद्यमीहरुलाई प्रविधि वितरण कार्यक्रम
खजुरा गाउँपालिकाको संक्षिप्त परिचय
सूचना तथा समाचार
जनप्रतिनिधि
सामाजिक सुरक्षा भत्ता प्राप्त योग्य उमेर कति हो ?
mayorkrm12@gmail.com
95°F
Sunny
Search
ENG
11:24 AM
24/05/15




attendance.gov.np/Home/Index



निर्माणाधिन पालिकाको प्रशासनिक भवन ।
















*समृद्धीकालागि बन परियोजना अन्तरगत अभिमुखिकरणमा अध्यक्ष र उपाध्यक्ष बायाँ तथा किशोरीसँग उपाध्यक्ष कार्यक्रम अन्तरगत किशोरीहरुसँग उपाध्यक्ष दायाँ ।*




घरघरमा पुगि जेष्ठनागरिकहरुको स्वास्थ्य जाँच गरिदै ।




*सामाजिक परिक्षणको क्रममा शाखा प्रमुखहरुसँग कुराकानी गर्दै सामाजिक परिक्षक हेमराज भट्ट ।*




*सडक निर्माणका लागि ल्याब परिक्षण कार्यको स्याम्पलींग लिईदै ।*





*निर्माणाधिन झोलुंगेपुलको निर्माण स्थलमा राखिएको सुचना बोर्ड बायाँ तथा हाईमास्टलाईट दाँया ।*













सडक कोलोपत्रै गरिदै ।


स्थानीय बस्ति तथा आदिबासी जनजीविकाहरुको जिबिकापार्जन सुधार गर्न ग्रामिड सडक


निर्माणाधिन बहुउद्धेशयि सभाहल





छहारीको अभावमा प्रयोग विहिन पार्क बायाँ तथा पालिकामा राखिएको प्रयोग विहिन पानी ट्यांकी दायाँ ।
















प्रारम्भिक प्रतिबेदन प्रस्तुतीकरणका झलकहरु ।

## प्रकाशित समाचार :

बागेश्वरीपोस्ट
www.bageshworipost.com
नयाँ वर्ष वि.सं.२०८१ को पावन अवसरमा शुभकामना व्यक्त गर्दछौं


# खजुरामा सामाजिक परीक्षणको प्रारम्भिक प्रतिबेदनमाथि छलफल

शुक्रबार, जेठ ४, २०८१
बागेश्वरी पोस्ट
2 Shares






**नेपालगञ्ज ।** खजुरा गाउँपालिका बाँकको आर्थिक बर्ष २०७९/०८० को सामाजिक परीक्षण कार्यक्रम अन्तरगत प्रारम्भिक प्रतिबेदन प्रस्तुतिकरण तथा छलफल सम्पन्न भएको छ ।

खजुरा गाउँपालिकाको सहयोग तथा बास नेपालको सहजीकरणमा आज भएको कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष डम्बर बिकले कार्य सम्पादनको क्रममा देखिएका समस्याहरुलाई समाधान गर्दै जिम्मेवारीका साथ उत्कृष्ट कार्य सम्पादन गर्न जनप्रतिनिधि र कर्मचारीहरुलाई अनुरोध गरे । सामाजिक परीक्षणको क्रममा देखिएका सुझावहरुलाई योजनासहित कार्यान्वयनमा लैजानुपर्नेमा उनको जोड थियो । बर्षेनी पालिकाको कार्य सम्पादन सुधार हुँदै आएको भन्दै खजुराको समृद्धिमा लागेको जनाए । उनले सामाजिक परीक्षण जस्ता कार्यक्रमलाई प्राथमिकीकरणमा राख्ने प्रतिबद्धता गरे ।

बासका कार्यक्रम प्रबन्धक मन भण्डारीले सञ्चालन गरेको कार्यक्रममा बास नेपालका निर्देशक तथा सामाजिक परीक्षक हेमराज भट्टले सामाजिक परीक्षण, प्रक्रिया, खजुरा गाउँपालिकाले आर्थिक बर्ष २०७९/०८० मा गरेका कार्यहरु, जनप्रतिनिधि तथा कर्मचारीहरुसँगको छलफल, लक्षित समूह छलफल, सन्दर्भ सामग्री अध्ययन, स्थलगत अवलोकन लगायतबाट प्राप्त तथ्यसँगै गाउँपालिकाको राम्रा पक्षहरु, सुधार गर्नुपर्ने पक्ष, समस्या, चुनौतीका बिषयमा प्रारम्भिक प्रतिबेदन प्रस्तुतिकरण गरेका थिए । प्रस्तुतिकरण पश्चात खुल्ला छलफलको क्रममा वडा अध्यक्षहरु, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्य र शाखा प्रमुखहरुले बोलेका थिए ।

सामाजिक परीक्षण कार्यक्रम अन्तरगत भएको छलफलको क्रममा प्राप्त सुझावलाई समाबेश गरी खजुरा गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सामाजिक परीक्षण अन्तिम प्रतिबेदन सहजीकरण गर्ने संस्थाका तर्फबाट बास नेपालले पेश गरिनेछ । कार्यक्रमको समापन गाउँपालिका अध्यक्ष डम्बर बिकले गरेका थिए ।

t.com/detail/14513?fbclid=IwZXh0bgNhZW0CMTAAAR1nHytFok...

असलशासन
www.asalshasan.com
११ जेठ २०८१, शुक्रबार
Mob: 9848020697, 9801483697
Ph: 081-533587
बागेश्वरी कान स्वास्थ्य स्याहार केन्द्र प्रा.लि.
Bageshwori Ear Care Centre Pvt. Ltd.


# खज़ुरा गाउँपालिकाले गर्यो सामाजिक परिक्षण

असल शासन प्रतिनिधि



नेपालगन्ज / खजुरा गाउँपालिका बाँकको आर्थिक बर्ष २०७९/०८० को सामाजिक परिक्षण कार्यक्रम अन्तरगत प्रारम्भिक प्रतिबेदन प्रश्ततीकरण तथा छलफल सम्पन्न भएको छ ।

खजुरा गाउँपालिकाको सहयोग तथा बास नेपालको सहजिकरणमा आज भएको कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष डम्बर बिकले कार्य सम्पादनको क्रममा देखिएका समस्याहरुलाई समाधान गर्दै जिम्मेवारीका साथ उत्कृष्ट कार्य सम्पादन गर्न जनप्रतिनिधि र कर्मचारीहरुलाई अनुरोध गरे । सामाजिक परिक्षणको क्रममा देखिएका सुझावहरुलाई योजना सहित कार्यान्वयनमा लैजानुपर्नेमा उनको जोड थियो । बर्षेनि पालिकाको कार्य सम्पादन सुधार हुदै आएको भन्दै खजुराको समृद्धीमा लागेको जनाए । उनले सामाजिक परिक्षण जस्ता कार्यक्रमलाई प्राथमिकिकरणमा राख्ने प्रतिबद्धता गरे ।



बासका कार्यक्रम प्रबन्धक मन भण्डारीले सञ्चालन गरेको कार्यक्रममा बास नेपालका निर्देशक तथा सामाजिक परिक्षक हेमराज भट्टले सामाजिक परिक्षण, प्रक्रिया, खजुरा गाउँपालिकाले आर्थिक बर्ष २०७९/०८० मा गरेका कार्यहरु, जनप्रतिनिधि तथा कर्मचारीहरुसँगको छलफल, लक्षित समुह छलफल, सन्दर्भ सामाग्री अध्ययन, स्थलगत अवलोकन लगायत बाट प्राप्त तथ्यसँगै गाउँपालिकाको राम्रा पक्षहरु सुधार गर्नुपर्ने पक्ष, समस्या, चुनौतीका बिषयमा प्रारम्भिक प्रतिबेदन प्रश्तुतीकरण गरेका थिए । प्रश्तुतीकरण पश्चात खुल्ला छलफलको क्रममा वडा अध्यक्षहरु, प्रमुख प्रशासकिय अधिकृत, कार्यपालिका सदस्य र शाखा प्रमुखहरुले बोलेका थिए ।

सामाजिक परिक्षण कार्यक्रम अन्तरगत भएको छलफलको क्रममा प्राप्त सुझावलाई समाबेश गरि खजुरा गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सामाजिक परिक्षण अन्तिम प्रतिबेदन सहजिकरण गर्ने संस्थाका तर्फबाट बास नेपालले पेश गरिनेछ । कार्यक्रमको समापन गाउँपालिका अध्यक्ष डम्बर बिकले गरेका थिए ।

GOODNEWS KHABAR
2024 May 24, Friday | ११ जेष्ठ २०८१, शुक्रबार



गुडन्यूज खबर । २०८१ जेठ ४, शुक्रबार २०:३०

26 Shares



बाँके । खजुरा गाउँपालिका बाँकको आर्थिक बर्ष २०७९÷०८० को सामाजिक परिक्षण कार्यक्रम अन्तरगत प्रारम्भिक प्रतिबेदन प्रशुतीकरण तथा छलफल सम्पन्न भएको छ ।

बाँके । खजुरा गाउँपालिका बाँकको आर्थिक बर्ष २०७९÷०८० को सामाजिक परिक्षण कार्यक्रम अन्तरगत प्रारम्भिक प्रतिबेदन प्रशुतीकरण तथा छलफल सम्पन्न भएको छ ।

खजुरा गाउँपालिकाको सहयोग तथा बास नेपालको सहजिकरणमा आज भएको कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष डम्बर बिकले कार्य सम्पादनको क्रममा देखिएका समस्याहरुलाई समाधान गर्दै जिम्मेवारीका साथ उत्कृष्ट कार्य सम्पादन गर्न जनप्रतिनिधि र कर्मचारीहरुलाई अनुरोध गर्नु भएको छ । सामाजिक परिक्षणको क्रममा देखिएका सुझावहरुलाई योजना सहित कार्यान्वयनमा लैजानुपर्नेमा उहाँको जोड थियो । बर्षेनि पालिकाको कार्य सम्पादन सुधार हुदै आएको भन्दै खजुराको समृद्धीमा लागेको जनाउनु भएको छ । उहाँले सामाजिक परिक्षण जस्ता कार्यक्रमलाई प्राथमिकिकरणमा राख्ने प्रतिबद्धता गर्नु भयो ।

बासका कार्यक्रम प्रबन्धक मन भण्डारीले सञ्चालन गरेको कार्यक्रममा बास नेपालका निर्देशक तथा सामाजिक परिक्षक हेमराज भट्टले सामाजिक परिक्षण, प्रक्रिया, खजुरा गाउँपालिकाले आर्थिक बर्ष २०७९÷०८० मा गरेका कार्यहरु, जनप्रतिनिधि तथा कर्मचारीहरुसँगको छलफल, लक्षित समुह छलफल, सन्दर्भ सामाग्री अध्ययन, स्थलगत अवलोकन लगायत बाट प्राप्त तथ्यसँगै गाउँपालिकाको राम्रा पक्षहरु सुधार गर्नुपर्ने पक्ष, समस्या, चुनौतीका बिषयमा प्रारम्भिक प्रतिबेदन प्रश्तुतीकरण गर्नु भएको छ । प्रश्तुतीकरण पश्चात खुल्ला छलफलको क्रममा वडा अध्यक्षहरु, प्रमुख प्रशासकिय अधिकृत, कार्यपालिका सदस्य र शाखा प्रमुखहरुले बोल्नु भएको थियो ।

सामाजिक परिक्षण कार्यक्रम अन्तरगत भएको छलफलको क्रममा प्राप्त सुझावलाई समाबेश गरि खजुरा गाउँपालिकाको आर्थिक बर्ष २०७९÷०८० को सामाजिक परिक्षण अन्तिम प्रतिबेदन सहजिकरण गर्ने संस्थाका तर्फबाट बास नेपालले पेश गरिनेछ । कार्यक्रमको समापन गाउँपालिका अध्यक्ष डम्बर बिकले गर्नु भएको थियो ।

26 Shares

Kohalpurtoday.com कोहलपुर टुडे



Universal English Language Institute
OUR COURSE
Basic Level
- Vocabulary Power
- Sentence Structure
- Basic Grammar Class
- Writing and speaking
- Simple Free Writing
Advanced Level
- Special Grammar
- Vocabulary Power
- Long and hard sentence structure
- Writing and speaking based on topic
- Free writing

## खजुरामा सामाजिक परिक्षणको प्रारम्भिक प्रतिबेदन माथि छलफल



- कोहलपुर
  खजुरा गाउँपालिका बाँकको आर्थिक बर्ष २०७९÷०८० को सामाजिक परिक्षण कार्यक्रम अन्तरगत प्रारम्भिक प्रतिबेदन प्रस्तुतिकरण तथा छलफल सम्पन्न भएको छ ।
  खजुरा गाउँपालिकाको सहयोग तथा बास नेपालको सहजिकरणमा आज भएको कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष डम्बर बिकले कार्य सम्पादनको क्रममा देखिएका समस्याहरुलाई समाधान गर्दै जिम्मेवारीका साथ उत्कृष्ट कार्य सम्पादन गर्न जनप्रतिनिधि र कर्मचारीहरुलाई
  सम्पादनको क्रममा देखिएका समस्याहरुलाई समाधान गर्दै जिम्मेवारीका साथ उत्कृष्ट कार्य सम्पादन गर्न जनप्रतिनिधि र कर्मचारीहरुलाई अनुरोध गरे ।
- सामाजिक परिक्षणको क्रममा देखिएका सुझावहरुलाई योजना सहित कार्यान्वयनमा लैजानुपर्नेमा उनको जोड थियो । बर्षेनि पालिकाको कार्य सम्पादन सुधार हुदै आएको भन्दै खजुराको समृद्धीमा लागेको जनाए । उनले सामाजिक परिक्षण जस्ता कार्यक्रमलाई प्राथमिकिकरणमा राख्ने प्रतिबद्धता गरे ।
- बासका कार्यक्रम प्रबन्धक मन भण्डारीले सञ्चालन गरेको कार्यक्रममा बास नेपालका निर्देशक तथा सामाजिक परिक्षक हेमराज भट्टले सामाजिक परिक्षण, प्रक्रिया, खजुरा गाउँपालिकाले आर्थिक बर्ष २०७९/०८० मा गरेका कार्यहरु, जनप्रतिनिधि तथा कर्मचारीहरुसँगको छलफल, लक्षित समुह छलफल, सन्दर्भ सामाग्री अध्ययन, स्थलगत अवलोकन लगायत बाट प्राप्त तथ्यसँगै गाउँपालिकाको राम्रा पक्षहरु सुधार गर्नुपर्ने पक्ष, समस्या, चुनौतीका बिषयमा प्रारम्भिक प्रतिबेदन प्रश्तुतीकरण गरेका थिए ।प्रश्तुतीकरण पश्चात खुल्ला छलफलको क्रममा वडा अध्यक्षहरु, प्रमुख प्रशासकिय अधिकृत, कार्यपालिका सदस्य र शाखा प्रमुखहरुले बोलेका थिए ।
- सामाजिक परिक्षण कार्यक्रम अन्तरगत भएको छलफलको क्रममा प्राप्त सुझावलाई समाबेश गरि खजुरा गाउँपालिकाको आर्थिक बर्ष २०७९÷०८० को सामाजिक परिक्षण अन्तिम प्रतिबेदन सहजिकरण गर्ने संस्थाका तर्फबाट बास नेपालले पेश गरिनेछ । कार्यक्रमको समापन गाउँपालिका अध्यक्ष डम्बर बिकले गरेका थिए ।

.....................

हेम राज भट्ट

सामाजिक परीक्षक

बास नेपाल